केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन नं. : ०१-५७१९६४१/४२/४३/४४
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१९/०८२/८३

मितिः २०८२/११/२९

## सूचना

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु तथा पूर्वाधार विकास बैंक,**

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने चालू पुंजी प्रकृतिका कर्जा सम्बन्धमा **"चालू पुंजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (दोस्रो संशोधन सहित)"** मा यसैसाथ संलग्न तालिकाबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

भवदीय,

२०८२।११।२९

कार्यकारी निर्देशक

# चालू पुँजीकर्जा सम्बन्धी मार्गदर्शन २०७९ (दोस्रो संशोधन सहित) मा संशोधन/परिमार्जन थप ।

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १. | चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन (दोस्रो संशोधन सहित) २०७९ को बुँदा नं. ३.३ को खण्ड (ग) मा संशोधन गर्ने । | (ग) बैंक तथा वित्तीय संस्थाले Permanent Working Capital Need को लागि ३ देखि १० वर्षको आवधिक प्रकृतिको कर्जा प्रदान गर्नुपर्दछ । यस कर्जाको लागि उपबुँदा (ख) बमोजिमको सीमा लागु हुनेछैन । | **(ग) बैंक तथा वित्तीय संस्थाले Permanent Working Capital Need को लागि आवधिक प्रकृतिको कर्जा प्रदान गर्नुपर्दछ । यस्तो आवधिक कर्जाको भुक्तानी अवधि आफ्नो चालू पुँजी कर्जा नीति बमोजिम निर्धारण गर्नुपर्दछ । यस कर्जाको लागि उपबुँदा (ख) बमोजिमको सीमा लागू हुनेछैन ।**<br>**यसअघि प्रवाह भएको Permanent Working Capital Need को आवधिक प्रकृतिको कर्जा ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा २०८३ असार मसान्तसम्ममा एकपटकका लागि मात्र पुनरतालिकिकरण गर्न सकिनेछ । यसरी गरिएको कर्जा पुनरतालिकिकरणलाई कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुनरतालिकिकरण भएको मानिने छैन ।** |
| २. | चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन (दोस्रो संशोधन सहित) २०७९ को बुँदा नं. ३.४ मा संशोधन गर्ने । | ३.४ इजाजतपत्रप्राप्त संस्थाले चालू पुँजी कर्जाको आवश्यकता विश्लेषण गर्दा रु.२ करोडसम्म (उत्पादनमूलक उद्योगको हकमा रु.४ करोडसम्म) चालू पुँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा समेत Permanent Working Capital Need पहिचान भएमा बुँदा नं.३.२ (क) को सीमाको अधिनमा रही Fluctuating Working Capital Need को लागि १ वर्षभन्दा कम अवधिको कर्जा तथा Permanent Working Capital Need को लागि ३ देखि १० वर्षको आवधिक प्रकृतिको चालू पुँजी कर्जा प्रदान गर्न सक्नेछन् । | ३.४ इजाजतपत्रप्राप्त संस्थाले चालू पुँजी कर्जाको आवश्यकता विश्लेषण गर्दा रु.२ करोडसम्म (उत्पादनमूलक उद्योगको हकमा रु.४ करोडसम्म) चालू पुँजी कर्जा उपयोग गर्ने ऋणीको हकमा समेत Permanent Working Capital Need पहिचान भएमा बुँदा नं.३.२ (क) को सीमाको अधिनमा रही Fluctuating Working Capital Need को लागि १ वर्षभन्दा कम अवधिको कर्जा तथा Permanent Working Capital Need को लागि **आवधिक प्रकृतिको चालू पुँजी कर्जा प्रदान गर्न सक्नेछन् ।** |

## चालू पुँजीकर्जा सम्बन्धी मार्गदर्शन २०७९ (दोस्रो संशोधन सहित) मा संशोधन/परिमार्जन थप ।

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| ३. | चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन (दोस्रो संशोधन सहित) २०७९ को बुँदा नं. ८.६ मा संशोधन गर्ने । | ८.६ चालू पुँजी कर्जाका बिभिन्न खाताहरुमध्ये क्यास क्रेडिट कर्जा खातामा आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार ७ दिन कर्जा सीमाको १० प्रतिशतभन्दा कम वक्यौता कायम भएको हुनुपर्दछ । तर, यो व्यवस्था मार्गदर्शन लागु भएको मितिबाट देहायबमोजिम कार्यान्वयन गर्न सकिनेछ :<br>क) पहिलो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको ३० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन् ।<br>ख) दोस्रो वर्षको लागि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको २० प्रतिशतभन्दा कम वक्यौता कायम गर्न सक्नेछन् ।<br>ग) तेस्रो वर्षपछि ऋणीले लगातार ७ दिन कुल कर्जा सीमाको १० प्रतिशतभन्दा कम वक्यौता कायम गर्नुपर्नेछ । | ८.६ चालू पुँजी कर्जाका बिभिन्न खाताहरुमध्ये क्यास क्रेडिट कर्जा खातामा आर्थिक वर्षको कुनै एक समयमा कम्तीमा लगातार ७ दिन कर्जा सीमाको **३०** प्रतिशतभन्दा कम वक्यौता कायम भएको हुनुपर्दछ । |

## चालू पुँजीकर्जा सम्बन्धी मार्गदर्शन २०७९ (दोस्रो संशोधन सहित) मा संशोधन/परिमार्जन थप ।

| क्र.सं. | व्यवस्था नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| ४. | चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन (दोस्रो संशोधन सहित) २०७९ को बुँदा नं. ९ मा उप बुँदा (ग) थप गरी क्रमसंख्या मिलान गर्ने । | हाल नभएको । | **(ग) उद्यम वा व्यवसायको प्रकृति, क्षेत्र, नगद प्रवाह तथा चालू पुँजी सम्बन्धी विश्लेषण समेतका आधारमा Permanent Working Capital को लागि प्रदान गरिने आवधिक कर्जाको अवधि निर्धारण गर्ने पद्धति एवं क्षेत्रगत रुपमा यस्तो अवधिको न्यूनतम तथा अधिकतम सीमा,** |
| ५. | चालूपुँजी कर्जा सम्बन्धी मार्गदर्शन ( दोस्रो संशोधन सहित) २०७९ को अनुसुची १ को ( घ) मा संशोधन गर्ने । | (घ) चालू पुँजी प्रयोजनको आवधिक कर्जा<br>व्यवसायको चालू पुँजीको आवश्यकता मूल्यांकन गर्दा स्थिर प्रकृतिको आवश्यकता Permanent Working Capital Need लाई ३ देखि १० वर्ष अवधिको आवधिक कर्जा प्रदान गर्नुपर्दछ । यस्तो कर्जालाई चालू पुँजी प्रयोजनको आवधिक कर्जा मानिने छ । | (घ) चालू पुँजी प्रयोजनको आवधिक कर्जा<br>व्यवसायको चालू पुँजीको आवश्यकता मूल्यांकन गर्दा स्थिर प्रकृतिको आवश्यकता Permanent Working Capital Need लाई **चालू पुँजी कर्जा नीति अनुसार** आवधिक कर्जा प्रदान गर्नुपर्दछ । यस्तो कर्जालाई चालू पुँजी प्रयोजनको आवधिक कर्जा मानिने छ । |